# रामप्रसादराई गाउँपालिका
Ramprasadrai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बैकुण्ठे, भोजपुर
Baikunthe, Bhojpur

मोबाइल नं. ९८५२०७३८८
मोबाइल नं. ९८५२०७३८९
इमेल : ramprasadrai.rm@gmail.co
web: http://ramprasadraimun.gov.r

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


प.स./letter No :२०८१/०८२
च.नं./ Ref No :

**नदीजन्य पदार्थको बिक्री कर संकलन कार्यको लागि शिलबन्दी आह्वान सम्बन्धी सूचना**
**चौथो पटक प्रकाशित मितिः २०८१/०९/२३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च) र दफा ११ को (घ) को (६) को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी रामप्रसादराई गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु साथै अन्य आवश्यक कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल:</u>

| सि.नं. | सूचना नं. र बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | 01/REV/RPRRMUN/ 2081/082 | पिखुवा-बेहेरे दोवान,बेहेरे खोलाको दुवै किनाराबाट खोलाजन्य पदार्थ उत्खन्न,संकलन र बिक्रीको शूल्क असुली सम्बन्धी कार्य | ११,६४८ | २६,७४,१४७/- | कबोल गरेको रकमको ५% | ३,०००/- |

**<u>ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरु</u>**

१. फर्म वा कम्पनीले नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIA Bank, शाखा कार्यालय बैकुण्ठेमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.: २१५२०५००२८९९०००२ (ग.१.१आन्तरिक राजश्व खाता-रामप्रसादराई गाउँपालिका) मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना चौथो पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र बोलपत्रदाताले रामप्रसादराई गाउँपालिका कार्यालयबाट बोलपत्र फाराम खरिद गर्नुपर्नेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयमा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। माथि उल्लेखित धरौटी रकम यस कार्यालयको NIC ASIA BANK, शाखा कार्यालय बैकुण्ठेमा रहेको धरौटी खाता नं.:

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसादराई गाउँपालिका
Ramprasadrai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बैकुण्ठे, भोजपुर
Baikunthe, Bhojpur
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal
मोबाइल नं. ९८५२०७३८८
मोबाइल नं. ९८५२०७३८९३
इमेल : ramprasadrai.rm@gmail.com
web: http://ramprasadraimun.gov.np

प.स./letter No :२०८१/०८२
च.नं./ Ref No :

L5CA052570252401 (ग.३-धरौटी खाता-रामप्रसादराई गाउँपालिका) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कमर्सियल बैंक वा फाइनान्सियस इन्टिच्युटबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी चौथो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ।

४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक वा फाइनान्सियल इन्टिच्युटबाट यस कार्यालयको नाममा २०८२ साल जेठ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै कबोल गरेको अंकको रकम एकमुष्ट गाउँपालिकालाई बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ र बोलपत्र गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत